- "विधेयक" भन्नाले स्थानीय कानूनको मसौदा वा कानूनको संशोधन मसौदा समेत सम्झनु पर्छ।
- "सदस्य" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष कार्यपालिकाको सदस्य वा वडा सदस्य सम्झनु पर्छ ।
- **"सभाको सचिव"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र वा अध्यक्षले सभाको सचिव भई काम गर्न तोकेको कर्मचारी समेतलाई सम्झनु पर्छ ।
- "बैठक" भन्नाले गाउँ सभाको अधिवेशन सम्झनु पर्छ । सो शब्दले समितिको वैठक समेतलाई सम्झनु पर्दछ ।
- "प्रस्ताव" भन्नाले सभाको विचारार्थ पेश गरिएको कुनै प्रस्ताव **वा सो प्रस्तावसँग सम्बन्धित संशोधन प्रस्ताव समेत** सम्झनु पर्छ ।
- "प्रस्तुतकर्ता सदस्य" भन्नाले सभाको विधेयक वा प्रस्ताव प्रस्तुतकर्ता **सभाको** सदस्य सम्झनु पर्छ ।
- "बैठक कक्ष" भन्नाले सभाको बैठक कक्ष सम्झनु पर्छ र सो शब्दले बैठक कक्षसँग जोडिएको दर्शकदीर्घा तथा बरण्डा समेतलाई जनाउँछ ।
- "विषयगत शाखा" भन्नाले **गाउँपालिकाको** कार्य विभाजन नियमावली बमोजिमको विषयगत शाखा संझनु पर्छ ।
- "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने सभाको समिति सम्झनु पर्छ ।
- "संयोजक" भन्नाले यस कार्यविधि बमोजिम गठित समितिको संयोजक सम्झनु पर्छ ।

## परिच्छेद (२

## सभाको बैठक तथा बैठक सञ्चालन सम्बन्धी व्यवस्था

3. **सभाको अधिवेशन बोलाउने**

4. (१) अध्यक्षले गाउँपालिकाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले एक महिना भित्र सभाको पहिलो अधिवेशन बोलाउनेछ । त्यसपछि यस कार्यविधि बमोजिम अध्यक्षले समय समयमा अन्य अधिवेशन बोलाउनेछ ।

तर सभाको एउटा अधिवेशनको समाप्ति र अर्को बैठकको प्रारम्भका बीचको अवधि छ महीना भन्दा बढी हुने छैन ।

- अध्यक्षले कार्यसूची बमोजिम सभाको बैठकको संचालन र अन्त्य गर्नेछ ।

मर्चवारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रायपुर, रुपन्देही ५ नं. प्रदेश, नेपाल

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष